# वैदेशिक रोजगार न्यायाधिकरण

## बबरमहल, काठमाडौं

मिति : २०७७।१।३

## सूचना

कोरोना भाइरस (कोभिड-१९) को प्रकोप विश्वव्यापी महामारीका रुपमा फैलदै गएको र नेपालभर यसको सङक्रमण फैलने संभवनालाई मध्येनजर गरी सोको रोकथाम र निर्मूल गर्न नेपाल सरकारले मिति २०७६।१२।११ गतेदेखि बन्दाबन्दी (LOCK-DOWN) सम्बन्धी बिभिन्न आदेश जारी गरी मिति २०७७।१।१५ गतेसम्म निरन्तरता दिने भनी नेपाल सरकारबाट मिति २०७७।१।२ गने निर्णय भएको छ। सोही बन्दाबन्दीको अवस्थामा अदालत तथा न्यायाधिकरणहरुबाट सम्पादन हुने काम कारवाही तथा सेवा प्रवाहलाई व्यवस्थापन गर्ने सन्दर्भमा सम्मानित सर्वोच्च अदालतको मिति २०७६।१२।२८ गतेको पूर्ण बैठकबाट बन्दाबन्दीको अवधिमा देहायका कार्यहरु सम्पादन गर्न गराउन भनी भएको निर्णय अनुसार यस न्यायाधिकरणवाट उक्त अवधिमा देहाय अनुसारका कार्यहरु मात्र सम्पादन गरिने भएकाले सम्बन्धित सवैका जानकारीका लागि यो सूचना प्रकासित गरिएको छ।

१. वैदेशिक रोजगार सम्वन्धी कसूरमा प्रक्राउ परेका व्यक्तिहरुलाई अनुसन्धान तहकिकातको लागि हिरासतमा राख्ने अनुमति दिने (म्याद थप) सम्बन्धी कार्यहरु।
२. वैदेशिक रोजगार सम्वन्धी कसूरमा अभियोग पत्र दर्ता गर्ने, बयान लिने तथा थुनछेक आदेश सम्बन्धी कार्यहरु।
३. वैदेशिक रोजगार सम्बन्धी कसूरमा बाल सुधार गृहमा रहेका बालबालिकाहरुलाई अभिभावक वा संरक्षकको जिम्मा लगाई पाउँ भन्ने निवेदन दर्ता र सो उपरको कारवाही गर्ने कार्यहरु।
४. मुलुकीः फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १५५ अनुसारको कैद वापत रकम तिरी कैदवाट छोडी पाँउ भन्ने निवेदन।

२०७७।१।३

रजिष्ट्रार